# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-१० सङ्ख्या-२ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८३/०३/१२

## भाग-१

### सुनकोशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# सुनकोशी गाउँपालिकाको सिंचाई ऐन, २०८३

**प्रस्तावनाः**

गाउँपालिकामा सिंचाई सेवाको विकास र व्यवस्थापन गरी कृषियोग्य सिंचित क्षेत्रको विस्तार गर्न, सिंचाई सुविधाको दिगो विकासबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य सुरक्षाको सुनिश्चितता गर्न भरपर्दो, पहुँचयोग्य

र सहभागितामूलक सिंचाई सेवा उपलब्ध गराउने कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५९ तथा अनुसूची-८ को क्र.सं. (ट) एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ट) ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाँउपालिकाले ले यो बनाई लागु गरेकोछ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस को नाम **"सुनकोशी गाउँपालिका सिंचाई ऐन, २०८३"** रहेको छ।

(२) यो तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोजना" भन्नाले गाउँपालिकाले यस अनुसार सञ्चालन गर्ने स्थानीय सिंचाई आयोजना सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले सुनकोशी गाउँपालिका सम्झनु पर्छ।

(घ) "उपभोक्ता संस्था" भन्नाले स्थानीय सिंचाई कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई सम्बन्धित निकायमा दर्ता भएका कृषक/कृषक समूह वा सिंचाई प्रयोजनको लागि गाउँपालिकामा दर्ता भएका जल उपभोक्ता समितिहरूलाई सम्झनु पर्छ। यो शब्दले कृषि सहकरी संस्था र कृषि सम्बन्धी निजी कम्पनी वा फर्म समेतलाई जनाउँछ।

(ङ) "उपभोक्ता" भन्नाले सिंचाई प्रणालीको पानी वा सिंचाई सुविधा उपयोग गर्ने जग्गा धनी वा अन्य कुनै प्रकारले त्यस्तो जग्गा उपयोग गर्ने व्यक्ति सम्झनु पर्छ।

(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "सिंचाई " भन्नाले प्राकृतिक रूपमा उपलब्ध पानीलाई बोट बिरुवा तथा बाली विकासको लागि कृत्रिम तरिकाबाट पानी पुऱ्याउने प्रणालीलाई सम्झनु पर्छ र सो शव्दले थोपा सिंचाई, सतह सिंचाई, पोखरीमा आधारित सिंचाई, सोलार सिंचाई, भूमिगत सिंचाई, लिफ्ट सिंचाई, नवीन प्रविधिमा आधारित सिंचाई, कुलो वा पैनी निर्माण तथा मर्मत कार्य समेतलाई जनाउँछ।

(ज) "सिंचाई प्रणाली" भन्नाले सिंचाई प्रयोजनका लागि बनेको पूर्वाधार र सिंचाई क्षेत्र (कमाण्ड एरिया) सम्झनु पर्छ।

(झ) "सिंचाई संरचना" भन्नाले सिंचाई उपलब्ध गराउन मुहानदेखि सिञ्चित क्षेत्रसम्म निर्माण गरिएका भौतिक संरचना वा उपकरणलाई सम्झनु पर्छ र सो शव्दले सिंचाई प्रणालीद्वारा चर्चेको जमिन, त्यस सँग सम्बन्धित सडक, बाटो वा त्यस्तै अन्य भौतिक संरचना समेतलाई जनाउँछ।

(ञ) "सिंचाई सेवा शुल्क" भन्नाले यस बमोजिम सिंचाई सेवा उपयोग गर्ने जल उपभोक्ताले जल उपभोक्ता संस्थालाई तोकिए बमोजिम बुझाउनुपर्ने रकम सम्झनु पर्छ।

(ट) "सिंचित क्षेत्र" भन्नाले कुनै खास सिंचाई सेवा पुगेको वा पुग्ने क्षेत्रलाई सम्झनु पर्छ।

(ठ) "वडा" भन्नाले गाउँपालिकाका वडाहरू सम्झनु पर्छ।

(ड) "शाखा" भन्नाले गाउँपालिका अन्तरगत रहेको सिंचाई हेर्ने शाखा सम्झनु पर्छ।

(ढ) "मर्मत सम्भार कोष" भन्नाले सिंचाई आयोजनाको नियमित मर्मत सम्भारका लागि जल उपभोक्ता संस्थामा रहेको मर्मत सम्भार कोष सम्झनु पर्छ र सो शब्दले गाउँपालिका वा अन्य सरकारी वा गैरसरकारी निकायबाट सम्झौताअनुसार मर्मत सम्भारको लागि हस्तान्तरण भई जल उपभोक्ता संस्थामा प्राप्त रकम समेतलाई जनाउँछ।

(ण) "सरोकारवाला निकाय" भन्नाले सिंचाई कार्यक्रम वा आयोजनासंग सरोकार राख्ने निकाय सम्झनु पर्छ।

## परिच्छेद-२

## सिंचाई सम्बन्धी अधिकार र सिंचाई प्रणाली सम्बन्धी व्यवस्था

३. **गाउँपालिकाको सिंचाई सम्बन्धी अधिकारः** गाउँपालिकाको सिंचाई सम्बन्धी अधिकार देहाय बमोजिम हुनेछ-

(क) सतह सिंचाई तर्फ तराई मधेशमा ५०० हेक्टरसम्म, पहाडमा ५० हेक्टरसम्म र हिमालमा २५ हेक्टरसम्म।

(ख) भूमिगत सिंचाई तर्फ स्यालो ट्युबवेल।

(ग) लिफ्ट सिंचाई तर्फ एकल र क्लष्टरमा २५ हेक्टरसम्म।

(घ) प्रदेश र सङ्घबाट निर्माण भई हस्तान्तरण भएका सिंचाई आयोजनाको सञ्चालन र मर्मत सम्भार।

४. **सिंचाई प्रणालीको विकासः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जलस्रोतको विकास र उपयोगका लागि गाउँको समग्र सिंचाई

प्रणालीहरूको योजना र सो को मार्गचित्र तयार गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मार्गचित्रमा जलस्रोतको उपयोग, उपयोग गर्ने तरिका, व्यवस्थापनको ढाँचा, सञ्चालन तथा नियमन गर्ने तरिका उल्लेख हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सिंचाई प्रणालीको विकास, सञ्चालन, नियमन र मर्मत सम्भारको कार्य गर्न जल उपभोक्ता संस्था र निजी क्षेत्रसँग साझेदारी गर्ने गरी सम्झौता गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको सम्झौता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **अनुमति बिना सिंचाई प्रणालीको विकास र निर्माण गर्न नहुने:** (१) गाउँपालिकाको अनुमति प्राप्त नगरी स्थानीय सिंचाई प्रणालीको सर्वेक्षण, निर्माण र विकास गर्न वा सिंचाई प्रयोजनको लागि जलस्रोतको प्रयोग गर्नु वा गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिगत प्रयोजनको लागि अरुको जग्गामा प्रतिकुल असर नगर्ने गरी निजी खर्चमा सानो आकारको कुलो वा पैनी बनाई सिंचाई गर्न अनुमति लिनुपर्ने छैन।

(३) उपदफा (२) को प्रयोजनका लागि सानो आकार भन्नाले उपलव्ध पानीको मात्राको दश प्रतिशत भन्दा कम पानीको उपयोगलाई जनाउँछ।

६. **जलउपयोगको प्राथमिकताको क्रम निर्धारण गरिने:** (१) गाउँपालिकाले गाउँपालिका अन्तर्गतका सिंचाई प्रणालीमा उपलब्ध रहेको पानीको

प्रयोग गर्दा सिंचित क्षेत्रको सिंचाई सेवामा प्रतिकूल असर नपर्ने गरी सामान्यतः देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्ने छः-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालनजस्ता कृषि जन्य उपयोग,

(घ) जल विद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जलयातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनिगाउँपालिकाले कुनै खास आयोजनाका लागि आवश्यकता र औचित्यका आधारमा जलउपयोगको प्राथमिकताकोक्रम निर्धारण गर्न सक्नेछ।

७. **<u>जल उपयोग सम्बन्धी विवादको निरूपणः</u>** (१) जलउपयोगका विषयमा जलउपभोक्ता संस्थाले गरेको निर्णयमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सम्बन्धित गाउँपालिकामा आधार प्रमाण सहित ७ दिन भित्र उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरी गाउँपालिकाले दुवै पक्षको करा सुनी तथ्य र प्रमाणका आधारमा मुनासिव समय भित्र टुङ्गो लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

(४) जल उपयोग सम्बन्धी विवाद निरुपण सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

परिच्छेद-३

<u>सिंचाई आयोजनाको छनौटसम्बन्धी व्यवस्था</u>

८. **<u>स्थानीय सिंचाई आयोजनाको किसिमः</u>** सिंचाई आयोजनाको किसिम देहायबमोजिम हुनेछः -

(क) सतह सिंचाई आयोजना,

(ख) पोखरीमा आधारित सिंचाई आयोजना,

(ग) भूमिगत सिंचाई आयोजना,

(घ) लिफ्ट सिंचाई आयोजना (सौर्य, विद्युत् वा अन्य)

(ङ) नवीन प्रविधिमा आधारित ड्रिप (drip), स्प्रिङ्कलर (sprinkler), पाइप (pipe)र अन्य नवीनतम् प्रविधिमा आधारित सिंचाई आयोजना।

९. **<u>सिंचाई प्रणालीको विकासका लागि गाउँपालिका/नगरपालिकाको जिम्मेवारीः</u>** (१) गाउँपालिकाको जिम्मेवारी देहायबमोजिम हुनेछः-

(क) आफ्नो कार्यक्षेत्रभित्रको जलस्रोतको विकास र उपयोगसम्बन्धी एकिकृत योजना र सो को मार्गचित्र तयार गर्ने,

(ख) आवधिक र वार्षिक कार्यक्रम तर्जुमा गर्दा स्थानीय सिंचाई विकास आयोजनामा लगानीको सुनिश्चितता गर्ने,

(ग) सिंचाई आयोजनाहरूको पहिचान, अध्ययन र प्राथमिकीकरण गर्ने,

(घ) आयोजनाको सर्वेक्षण र डिजाइन गर्ने,

(ङ) आयोजना विकासका चरण पूरा गरेका आयोजनाहरू आयोजना बैंङ्कमा समावेश गर्ने

(च) कुलो/नहरका आयोजना तर्जुमादेखि लाभको बाँडफाँटसम्मका सबै चरणहरूमा सबै लाभग्राही जल उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने,

(छ) उपभोक्ता समितिको गठन र आयोजनाको गुणस्तरीय निर्माण तथा व्यवस्थित रूपमा सञ्चालनका लागि उपभोक्ता संस्थाको क्षमता विकास र सुदृढीकरण गर्ने,

(ज) उपभोक्ता संस्थाहरूका बीच समन्वय गर्ने गराउने,

(झ) कृषि प्रसार सेवा तथा बजार विस्तारका लागि उपभोक्ता संस्थालाई अन्य निकायहरूसँग आबद्ध गराउने,

(ञ) आयोजनाका सम्बन्धमा उपभोक्ता संस्थाहरू वा जल उपभोक्ताहरू बीचको विवाद समाधान गर्ने,

(ट) अन्य तोकिएबमोजिमका कार्यहरू गर्ने।

१०. **स्थानीय सिंचाई आयोजनाको विकास गर्ने जिम्मेवारीः** (१) सतह, भूमिगत वा अन्य जलस्रोतको उपयोग गरी स्थानीय सिचाई आयोजनाको अध्ययन, विकास, पुनर्स्थापना, आधुनिकीकरण तथा व्यवस्थापन गर्ने, गराउने जिम्मेवारी सम्बन्धित गाउँ कार्यपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गाउँ कार्यपालिका आफैले वा कुनै संस्था वा व्यक्ति मार्फत गर्न गराउन सक्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले भौगोलिक तथा प्राविधिक रूपमा जटिल, विशिष्टिकृत,

अत्यावश्यक र आपतकालीन अवस्थामा स्थानीयस्तरको सिंचाई आयोजनाको विकास तथा निर्माणका लागि प्रदेश वा नेपाल सरकारलाई अनुरोध गर्न वा संयुक्त लगानीमा कार्यान्वयन गर्न सक्नेछ।

११. **आयोजनको छनौट तथा निर्माणः** (१) आयोजनाको पहिचान, आयोजना माग, पूर्व सम्भाव्यता र विस्तृत सम्भाव्यता अध्ययन, आयोजनाको प्राथमिकीकरण, छनौट, आयोजनाको सञ्चालनको लागि जल उपभोक्ता संस्थाबाट निवेदन सङ्कलन, आयोजना सम्झौता, आयोजना निर्माण तथा सञ्चालन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यस बमोजिम गाउँपालिकाले सिंचाई कार्यक्रमको छनौट तथा निर्माण गर्न तोकिए बमोजिमको मापदण्ड पूरा गरी देहायको प्रक्रियासमेत अवलम्बन गर्नुपर्नेः-

(क) सिंचाई आयोजनाको माग सङ्कलन गर्ने

(ख) जल उपभोक्ता संस्थाका प्रतिनिधि एवं सरोकारवालासँग परामर्श गर्ने।

(३) आयोजना निर्माण वा कार्यान्वयन गर्दा जल उपभोक्ताहरूले तोकिए बमोजिमको लागत सहभागिता वा जनसहभागिता जनाउनुपर्नेछ। त्यस्तो लागत सहभागिता कूल लागतको तीन प्रतिशत भन्दा कम हुनेछैन।

(४) आयोजनाको छनौटका लागि प्राथमिकीकरण गर्दा सिंचित जमीनको क्षेत्रफल, कुलोको लम्बाइ, पछाडि परेको समुदाय, साना किसानको उपस्थिति, उच्च बाली लाभ, स्थानीय बजारसँगको निकटता समेतलाई आधार लिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका प्राथमिकीकरणको आधारहरूको अंकभार तोकिए बमोजिम हुनेछ।

१२. **<u>प्रतिकूल असर पर्ने गरी सिंचाई आयोजना कार्यान्वयन गर्न नहुनेः</u>** (१) यस मा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि एउटै जलस्रोतबाट निर्मित सिंचाई प्रणालीलाई असर पर्ने गरी सोही आयोजनाको तोकिएको दुरी भित्रका माथिल्लो वा तल्लो भाग (अपस्ट्रिम वा डाउनस्ट्रिम) मा नयाँ आयोजनाको निर्माण गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले व्यापक सार्वजनिक उपयोगको लागि त्यस्तो स्रोतको माथिल्लो वा तल्लो भागमा नयाँ आयोजना छनौट र विकास गर्न सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि "व्यापक सार्वजनिक उपयोग" भन्नाले देहायको अवस्थामा भएको जलस्रोतको उपयोग सम्झनु पर्दछः-

(क) विद्यामान उपयोगबाट लाभान्वित भएका जनसङ्ख्यालाई प्रतिकूल असर नपार्ने गरी सोभन्दा बढी जनसंख्यालाई लाभ हुने सिंचाई आयोजना भएमा,

(ख) सामाजिक न्यायको दृष्टिकोणले नयाँ आयोजना छनौट गरी कार्यान्वयन गर्दा विद्यामान सिंचाई प्रणालीउपर सारभूत रूपमा तत्काल असर पर्ने नभएमा,

(ग) विद्यमान आयोजना र नयाँ आयोजनाका जल उपभोक्ता बीच पानीको बाँडफाँट गर्ने सहमति भएमा।

(४) उपदफा (२) बमोजिम नयाँ आयोजना छनौट तथा निर्माण गरेको कारणबाट तत्काल कायम रहेको सिंचाई प्रणालीको

जल उपभोक्तालाई उल्लेख्य रूपमा प्रतिकूल असर पर्ने भएमा त्यस्ता जल उपभोक्तालाई उचित क्षतिपूर्ति दिनुपर्नेछ।

१३. **निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेः** (१) कुनै खास सिंचाई प्रणाली वा सिंचाई आयोजनाको साथसाथै जलस्रोतको अन्य उपयोग गर्दा व्यावसायिक दृष्टिकोणले सम्भाव्य देखिएमा गाउँपालिकाले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, मर्मत सम्भार, सुधार, सञ्चालन तथा व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीको आधारमा निजी क्षेत्रसँग तोकिए बमोजिम सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, मर्मत सम्भार, सुधार, सञ्चालन तथा व्यवस्थापनमध्ये आवश्यकताअनुसार कुनै वा सबै कामहरूमा निजी क्षेत्रलाई संलग्न गराउन वा जिम्मा दिन सक्नेछ।

१४. **सिंचाई प्रणालीको व्यवस्थापन हस्तान्तरणः** (१) गाउँपालिकाले विकास गरेका सिंचाई प्रणालीहरू सञ्चालन तथा व्यवस्थापन गर्न सम्झौता गरी सम्बन्धित उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले विकास गरेको कुनै सिंचाई प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले स्थानीय तहमा हस्तान्तरण भई आएका सिंचाई प्रणाली स्थानीय तहले आफै सञ्चालन गर्न वा उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्नेछ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले विकास गरेको कुनै सिंचाई प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले सम्बन्धित उपभोक्ता संस्थालाई हस्तान्तरण गर्दा सम्बन्धित स्थानीय तहलाई जानकारी दिनुपर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम गरिने सिंचाई प्रणाली हस्तान्तरणका शर्तहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन्।

(५) यस दफामा जुन सुकै कुरा लेखिएको भएतापनि हस्तान्तरण भएको सिंचाई प्रणालीको निर्मित संरचना लगायतका अचल सम्पत्ती नेपाल सरकारको स्वीकृती बिना बेचबिखन गर्न वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन।

## परिच्छेद-४

## उपभोक्ता संस्था सम्बन्धी व्यवस्था

१५. **उपभोक्ता संस्थाको गठनसम्बन्धी व्यवस्थाः** (१) सामुहिक लाभका लागि संस्थागत रूपमा सिंचाई आयोजना निर्माण तथा सञ्चालन गर्न चाहने समूह वा संस्थाहरूले तोकिए बमोजिम जल उपभोक्ता संस्थाको गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन गरिएको उपभोक्ता संस्थाको दर्ता तथा नवीकरण प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपभोक्ता संस्था गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नु पर्नेछ।

(४) उपभोक्ता संस्थामा कम्तिमा तेत्तीस प्रतिशत महिला सदस्य हुनुपर्नेछ र संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ। यस्तो उपभोक्ता समिति गठन गर्दा उपलव्ध भएसम्म दलित र जनजातिको समेत प्रतिनिधित्व गराउनुपर्नेछ।

(५) उपभोक्ता संस्थाको गठन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) उपभोक्ता संस्थाको अनुगमनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) उपभोक्ता संस्थाले गाउँपालिकाले तोकेको वैङ्क वा वित्तीय संस्थामा खाता खोली सञ्चालन गर्नुपर्नेछ।

१६. **<u>उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार:</u>** (१) उपभोक्ता समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) सिंचाई प्रणालीको निर्माण, सञ्चालन, मर्मत सम्भार, स्तरोन्नती र विस्तार गर्ने,

(ख) सिंचाई आयोजनाको गुणस्तरीय निर्माण तथा मर्मत सम्भार गर्ने,

(ग) संस्थाले विकास निर्माण गरेको सिंचाई प्रणालीको स्वामित्व लिई दीगो व्यवस्थापन गर्ने,

(घ) हस्तान्तरण भई आएका आयोजनाको सम्झौता बमोजिम दिगो व्यवस्थापन र उपयोग गर्ने,

(ङ) संस्थाले व्यवस्थापन गरेका सिंचाई प्रणालीहरूको सिंचाई सेवा शुल्क र श्रमदान तथा अन्य श्रोतहरू परिचालन गरी प्रणालीको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापन गर्ने,

(च) सिंचाई प्रणालीको सञ्चालन सम्बन्धी योजना, मर्मत सम्भार योजना, पानीको पालो र तालिका, बाली पात्रो तयार गर्ने,

(छ) बालीको सिजनअनुसार सिंचाई सेवा प्राप्त गरेका र सेवा प्राप्त गर्न नसकेका उपभोक्ताको जमिन, सिंचाई सेवा शुल्कको विवरण आदिको लगत राख्ने र मौजुदा उपभोक्ताहरूलाई मर्का नपर्ने गरी सिंचाई सेवा प्राप्त गर्न नसकेका उपभोक्तालाई क्रमसः सेवा उपलब्ध गराउदै जाने,

(ज) सिंचाई प्रणालीको नियमित निर्माण, सञ्चालन, मर्मत सम्भार, स्तरोन्नती र विस्तार गर्ने,

(झ) सिंचाई प्रणालीको निर्माण तथा मर्मत सम्भार कार्यको लागि जन जनसहभागिता परिचालन गर्ने,

(ञ) सिंचाई प्रणाली र सो को संरचना कसैले भत्काएमा वा विगारेमा, हेरफेर गरेमा, अवरोध पुर्याएमा वा त्यस्तो कार्य गर्न लागेको जानकारी हुन आएमा त्यस्तो कार्य हुन नदिने र सोको जानकारी कार्यालयलाई दिने,

(ट) सिंचित जमीनमा कृषिको व्यवसायीकरणका लागि कृषिसम्बन्धी निकाय वा स्थानीय तह संग समन्वय गर्ने,

(ठ) सिंचाई आयोजना निर्माण तथा मर्मत सम्भार गर्दा तोकिए बमोजिम श्रमदान कार्यको परिचालन गर्ने,

(ड) सिंचाई आयोजनको मुहान र स्रोतको संरक्षण तथा पुनर्भरण सम्बन्धी कार्य गर्ने,

(ढ) आयोजनाका लाभग्राहीबीचको विवाद निरूपण गरी सेवाको सञ्चालन गर्ने,

(ण) अन्य तोकिए बमोजिमका कार्य गर्ने।

(२) उपभोक्ता समितिको अधिकार देहाय बमोजिम हुनेछः-

(क) सिंचाई प्रणालीको व्यवस्थापनको लागि आवश्यक श्रोतहरु परिचालन गर्ने,

(ख) उपभोक्तावाट तोकिए बमोजिम सिंचाई सेवा शुल्क वा अन्य सेवा शुल्क उठाउने, शुल्क नबुझाउने उपभोक्तालाई सिंचाई सेवाबाट बन्चित गर्ने र सो को जानकारी कार्यालयलाई दिने,

(ग) सिंचाई कृषि सहकारी गठन गर्ने, सहकारीले प्राप्त गर्ने सुविधाहरु प्राप्त गर्ने।

१७. **उपभोक्ता संस्था विघटनः** (१) उपभोक्ता संस्थाले प्रचलित कानून बमोजिम विघटन हुन सक्नेछ।

(२) उपभोक्ता समिति प्रचलित कानून बमोजिम विघटन भएमा संस्थाको नाममा रहेको चलअचल सम्पत्ति कानूनद्वारा सिर्जित दायित्व फरफारक गरी बाँकी रहेको सम्पत्ति गाउँमा आम्दानी बाँध्नुपर्नेछ।

१८. **सिंचाई सेवा शुल्क बुझाउनुपर्ने** : (१) सिंचाई सेवा उपभोग गर्ने जल उपभोक्ताले निर्धारित सेवा शुल्क उपभोक्ता संस्थामा बुझाउनुपर्नेछ।

(२) कुनै लाभग्राहीले निर्धारित सेवा शुल्क नबुझाएको अवस्थामा सो शुल्क नबुझाएसम्म उपभोक्ता समितिले निज लाभग्राहीको सिंचाई सेवा बन्द गर्न सक्नेछ। यसरी सेवा वन्द गरिएको जानकारी सात दिन भित्र कार्यालयलाई दिनु पर्नेछ।

१९. **मर्मत सम्भार** (१) आयोजना सम्पन्न भइसकेपछि सोको दिगो सञ्चालन गर्न मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ।

(२) आयोजनाको नियमित मर्मत सम्भारको काम मर्मत सम्भार कोषबाट गरिनेछ। तर प्राकृतिक प्रकोपको कारण आयोजनामा क्षति भई सम्बन्धित कृषक/कृषक समूह/कृषि सहकारी संस्थाको काबुबाहिरको परिस्थिति सिर्जना हुन गएमा त्यस्ता आयोजनामा गाउँपालिकाले पुनर्निर्माण/मर्मत सम्भार गर्न बाधा पर्ने छैन।

(३) स्थानीय सिंचाई प्रणालीमा पुनः निर्माण वा पुनःस्थापना (रिह्याव) वा वृहत मर्मत गर्नु परेमा गाउँपालिकासले नेपाल सरकार वा प्रदेश सरकारको सहायता समेत परिचालन गर्न सक्नेछ।

२०. **मर्मत सम्भार कोषः** (१) सिंचाई प्रणाली तथा संरचनाको मर्मत सम्भार कार्यका लागि उपभोक्ता संस्थाले मर्मत सम्भार कोष खडा गर्नुपर्नेछ।

(२) मर्मत सम्भार कोषमा सेवा शुल्कबापत प्राप्त हुन आउने रकम, गाउँपालिकाबाट मर्मत सम्भारका लागि प्राप्त हुन आएको रकम, मर्मत सम्भारका लागि व्यक्ति वा संस्थाबाट प्राप्त रकम र अन्य तोकिएको रकम रहने छ।

(३) सिंचाई सेवा शुल्क बापत प्राप्त हुन आएको रकममध्ये बढीमा २५ प्रतिशत रकम सम्म प्रशासनिक खर्च गर्न सकिने छ।

(४) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम सम्बन्धित स्थानीय सिंचाई आयोजनाको मर्मत सम्भारमा मात्र प्रयोग गर्नुपर्नेछ।

(५) मर्मत सम्भार कोषको सञ्चालनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **आयोजना हस्तान्तरणः** (१) गाउँपालिकाले विकास गरेको सिंचाई आयोजनाको निर्माण सम्पन्न भइसकेपछि उपभोक्ता समितिलाई आवश्यक सर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएका आयोजना उपरको स्वामित्व उपभोक्ता संस्थाको हुनेछ र यस को अधिनमा रही आयोजनाको सञ्चालन र व्यवस्थापन उपभोक्ता संस्थाले गर्नेछ।

## परिच्छेद-५

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था

२२. **कार्यक्रम सञ्चालनः** (१) स्थानीय सिंचाई आयोजनाको विकास गर्न गाउँ कार्यपालिकाले अग्रसरता लिई सम्बन्धित कृषक/कृषक

समूह/कृषि वा बहुद्देश्यीय सहकरी वा संस्था, कृषि कम्पनी वा फर्म र कृषि उद्यमीहरूलाई परिचालन गर्न सक्नेछ।

(२) स्थानीय सिंचाई आयोजनाको निर्माण कार्य सञ्चालन गर्ने एवं सोको व्यवस्थापकीय जिम्मेवारी कार्यालयमा रहनेछ।

(३) स्थानीय सिंचाई आयोजना सञ्चालनको प्रक्रिया तोकिए बमोजिम हुनेछ।

२३. **सिंचाई प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षणः** यस मा अन्यथा व्यवस्था भएकोमा बाहेक सिंचाई आयोजनाको सञ्चालन, व्यवस्थापन, मर्मत, सम्भार तथा आयोजना क्षेत्रको अन्य प्रयोगसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **जलवायु परिवर्तन अनुकुलित प्रविधि अवलम्बन गर्नेः** स्थानीय सिंचाई आयोजनाको विकास, संरचना निर्माण, मर्मत सम्भार र विस्तार गर्दा जलवायु अनुकुलन र विपद् प्रतिरोधी प्रविधि अवलम्बन गर्नु पर्नेछ।

२५. **अनुगमन तथा मूल्याङ्कनः** (१) गाउँपालिकाले र सिंचाई आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापन तथा कोषको प्रयोग सम्बन्धमा आवश्यकताअनुसार अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(२) आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन सम्बन्धित प्राविधिक कर्मचारीबाट गराउनु पर्नेछ।

(३) एकै वडामा पर्ने आयोजनाको हकमा उपदफा (१) बाहेक वडाबाट समेत अनुगमन गर्न सकिनेछ।

(४) अनुगमनसम्बन्धी ढाँचा र सूचकहरू तोकिए बमोजिम हुनेछ।

(५) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

२६. **कारबाही सम्बन्धी व्यवस्थाः** आयोजना स्वीकृत भएका कृषक/कृषक समूह/कृषि वा बहुद्देश्यीय सहाकरी वा संस्था, निजी कृषि फर्म वा कम्पनीले सम्झौताअनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित नियम तथा कानूनबमोजिम कारबाही गरी सरकारी बाँकी रकम सरह असुलउपर गरिनेछ।

२७. **लेखा र लेखापरीक्षणः** (१) स्थानीय सिंचाई आयोजनाको लेखा र लेखापरीक्षण प्रचलित कानून अनुसार हुनेछ।

(२) उपभोक्ता समितिले व्यवस्थापन गरेका आयोजनाको वार्षिक रूपमा लेखा परीक्षण गरी सोको प्रतिवेदन कार्यालयमा बुझाउनु पर्नेछ।

(३) उपभोक्ता समितिले सञ्चालन गरेका कोषहरूको लेखापरीक्षण गर्न गाउँ कार्यपालिकाले आवश्यक सहजिकरण र सहयोग गर्न सक्नेछ।

२८. **आयोजना सञ्चालनमा पारदर्शिता र सुशासनः** (१) आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापनमा पारदर्शिता र सुशासन कायम गर्नु पर्नेछ।

(२) आयोजना सञ्चालनमा पारदर्शिता र सुशासन कायम गर्न आयोजना निर्माण स्थलमा होर्डिङ्ग बोर्ड राख्ने, आवधिक समीक्षा गर्ने र सार्वजनिक परीक्षण गर्नु पर्नेछ। यस सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

परिच्छेद-६

विविध

२९. **सिंचाई प्रणालीको अभिलेखिकरणः** (१) स्थानीय तहले विकास गरेका सिंचाई प्रणालीको विस्तृत आयोजना प्रतिवेदन, निर्माण सम्झौता र कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, वास्तविक निर्माण अनुसारको नक्सा (As built drawing) लगायतका अभिलेखहरू व्यवस्थित रूपमा अभिलेख गरी सुरक्षित राख्नु पर्नेछ।

(२) सङ्घ वा प्रदेशबाट स्थानीय तहलाई हस्तान्तरण भईआएका सिंचाई प्रणालीको प्राप्त हुन आएका कागजात र विवरणहरू व्यवस्थित रूपमा अभिलेख गरी सुरक्षितरूपमा राख्नु पर्नेछ।

३०. **नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः** यस को उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

३१. **यस बमोजिम भएको मानिनेः** यस प्रारम्भ हुनु अघि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तरगत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिम भए गरेका कामहरू यसै बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः २०८३/०३/१२

आज्ञाले,
लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत